# तिनाउ गाउँपालिका कार्यालय

## सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रतिवेदन २०८०

**सहजिकरण तथा प्रतिवेदन पेश**

पाल्पा विकास केन्द्र

तानसेन, पाल्पा

## सार्वजनिक सुनुवाईको भूमिका

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्न गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिन्छ । सार्वजनिक सुनुवाई कुनै पनि समूह तथा संस्थाको पारदर्शिता र जिम्मेवारीलाई सुदृढ गर्न अपनाइने एउटा सहभागितामूलक प्रक्रिया हो । सूचनाको आदानप्रदान तथा प्रश्नोत्तर विधिबाट स्थानीय समुदायलाई आफुले गरेका कामको मुल्याङकन गर्ने अवसर प्रदान गर्ने एक विधि पनि हो । सार्वजनिक सुनुवाईबाट आएका सवालहरू तथा सिफारिस गरिएका बिषयहरू क्रमिक रुपमा कार्यान्वयन गरिन्छ । आवधिक रुपमा पुनरावलोकन तथा समिक्षा गरिन्छ ।

नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरूको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका हरेक गतिविधिहरूको बारेमा नागरिकहरूलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाई गर्नुपर्ने  बाध्यकारी व्यवस्था गरेको छ ।
स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ । स्थानीय तहहरूले सार्वजनिक सुनुवाई सम्बन्धि आफै कार्यविधि तयार गरी कार्यान्वयन गरिरहेका छन् । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरू सार्वजनिक गर्दै सुधारात्मक पक्षहरूको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरूको गुनासो तथा जिज्ञासाहरूको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । तिनाउ गाउँपालिकाले पाल्पा विकास केन्द्रसँगको सहजिकरणमा २०८० असार २८ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको थियो । सार्वजनिक सुनुवाईले सुशासन, पारदर्शिता र जवाफदेहिता बृद्धिमा महत्वपूर्ण औजारको काम गर्दछ । यसले नागरिकको अधिकार स्थापित गरी विकासलाई न्यायोचित ढङ्गले वितरण गर्न मार्गनिर्देशन हुनेछ ।

## सार्वजनिक सुनुवाईको उद्देश्य

- तिनाउ गाउँपालिकाद्धारा चालु आ.व. २०८०।०८१ को योजना, कार्यक्रम र सेवा प्रवाहका बारेमा प्रथम चौमासिक अवधिमा भए गरेका काम, सार्वजनिक सेवाप्रवाहको अवस्थाका विषयमा नागरिकहरूलाई जानकारी गराउँदै सुधारात्मक विषयहरूमा गाउँपालिकाको जिम्मेवार अधिकारी र नागरिक बीच प्रश्नोत्तर गराउने ।
- गाउँपालिका तथा वडा कार्यालयहरूको काम, कारवाही, सेवाप्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका निर्वाचित जनप्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरूलाई नागरिकहरू प्रति जवाफदेही बनाउने ।

- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरूमा नागरिकहरूको सहभागिता बृद्धि गर्ने ।
- गाउँपालिकाको सेवा उपभोग गर्ने क्रममा आइपर्ने समस्याका बारेमा सर्वसाधारणले खुलेर आफ्ना समस्या राख्ने अवस्था सिर्जना गर्ने ।
- गाउँपालिकाले गरेका कार्यक्रम, कार्यप्रगति, आइपरेका समस्याहरू आदि बिषयहरू पालिकाबासीसम्म पुऱ्याउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवामा भएका गुनासाहरू, स्पष्ट नभएका बिषयहरूको सम्बोधन गर्दै प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउने उपायको खोजी गर्ने ।
- गाउँपालिका र नागरिक बीचको सम्बन्धलाई थप सुधार गर्ने ।

**सहजिकरण संस्था र व्यक्ति**

पाल्पा विकास केन्द्र, तानसेन
सहजकर्ताहरू : कृष्ण पोखरेल र किरण कौशल

**सार्वजनिक सुनुवाईको कार्य विवरणहरू**

- प्रश्न निर्माण तथा आवश्यक तयारी
- वडा तथा पालिकास्तरमा सेवाग्राही भेट र सुझाव संकलन
- सेवाग्राहीहरूसँग सेवाका बारेमा प्रश्नावलीहरू अनुसार सुझाव संकलन
- सार्वजनिक सुनुवाई सहजिरकण
- सार्वजनिक सुनुवाईको प्रतिवेदन निर्माण

**सार्वजनिक सुनुवाई स्थाल**

महिला भवन गणेशटोल, तिनाउ गाउँपालिका वडा नं. २, पाल्पा

**सार्वजनिक सुनुवाई गर्ने अवधि**

चालु आ.व. २०८०/०८१ को प्रथम चौमासिकमा सञ्चालित योजना, कार्यक्रमहरू र सार्वजनिक सेवाप्रवाहको प्रभावकारिता बारेमा चर्चा भएको छ । गाउँपालिकाको यस आर्थिक बर्षको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम हो ।

**सार्वजनिक सुनुवाई मिति**

२०८० पौष २० गते, शुक्रबार

**सार्वजनिक सुनुवाईमा सहभागी संख्या**

सार्वजनिक सुनुवाई कार्यक्रममा जम्मा ६० जना जनाको सहभागीता रहेको थियो । (जसमा राजनीतिक दलसहित स्थानीय व्यक्ति, पत्रकार, समाजसेवी, कर्मचारी र जनप्रतिनिधिहरू)

**सार्वजनिक सुनुवाई सञ्चालन गरिएको समयावधि :**

४:३० घण्टा

**सार्वजनिक सुनुवाई कार्यक्रममा समावेश विषयहरू**

- गाउँपालिकाबाट सेवाग्राहीहरूलाई उपलब्ध गराइएका वा गराइने सेवा सुविधाहरूको बारेमा जानकारी समावेश गरिएको प्रतिवेदन प्रस्तुती ।
- गाउँपालिकाबाट चालु आर्थिक वर्षमा सञ्चालन गरेका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सम्बन्धित सरोकारवाला तथा अन्य पालिकाबासीलाई विस्तृत जानकारी गराउने
- गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावबारे मूल्याङ्कन सम्बन्धि सवाहरू तथा बिषयहरूका बारेमा ।

**सार्वजनिक सुनुवाईका मूख्य सवालहरू**

- गाउँपालिकाले लिएको नीति तथा कार्यकम र बजेट अनुसार कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?
- गाउँपालिकाले आन्तरिक आम्दानी बृद्धिमा के कस्ता कार्यकम अगाडि सारेको छ ?
- विगतमा जनप्रतिनिधिहरूले गरेका बाचा पुरा भएको छ वा कस्तो छ ?
- पालिकाको योजना छनोट त्यसको कार्यान्वयन र कार्यप्रगति कस्ता पहिचान, सुधारका कदमहरूको पहिचान ।
- विगतका सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धता कार्यान्वनको अवस्था आदि ।

**सार्वजनिक सुनुवाईको ढाँचा र व्यवस्था :**

- तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठको अध्यक्षतामा कार्यक्रम चलेको थियो । कार्यक्रममा अध्यक्षले गाउँपालिकाको नीतिगत व्यवस्था र कार्य उपलब्धीका बारेमा प्रष्ट पार्नुभएको थियो ।
- गाउँपालिका उपाध्यक्ष लाल बहादुर थापाले स्वागत मन्तव्य सहित गाउँपालिकाबाट प्रवाह गर्ने सेवा, सुविधाको बारेमा जानकारी दिनुभएको थियो ।
- गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत लेख बहादुर बस्नेतले गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा भएका गतिविधि, कार्यप्रगति, सुधार गरिएका बिषय, समाधान गर्न खोजिएका समस्याहरू, भावी योजना, सेवाप्रवाहमा देखिएका जटिलता आदिका बारेमा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।
- सार्वजनिक सुनुवाईको आचारसंहिताबारे जानकारी
- नागरिक प्रतिवेदन पत्र भाग १ र भाग २ प्रस्तुती
- बहिर्गमन अभिमत संकलनबाट प्राप्त नजिता प्रस्तुती
- सहभागीबाट जिज्ञासा, सुझाव संकलन र प्रश्न उत्तर
- सहभागीले उठाएका सवालका बिषयमा सम्बन्धित पदाधिकारीहरु/कर्मचारीहरुबाट सम्बोधन
- समापन मन्तव्य र कार्यक्रम समापन

**नागरिक प्रतिवेदन पत्र भाग -१**

**यसमा ६ वटा बिषय क्षेत्र भित्र २१ वटा प्रश्न सेवाग्राहीसंग सोधिएको थियो ।**

| **बिषय क्षेत्र** | **अवस्था** |
|---|---|
| १. सेवाको सन्तुष्टि | पालिकाले दिने सेवाप्रतिको सन्तुष्ट, ठिकै देखियो, असन्तुष्ट भन्ने देखिएन तर ठिकै ८० प्रतिशत र सन्तुष्ट २० प्रतिशत भएकाले सन्तुष्टलाई बढाउने र ठिकैलाई घटाउने तर्फ वडा कार्यालय र पालिकालले अझै ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । |
| २. सेवाको नियमितता | पालिकाको सेवाको नियमिततामा नागरिक वडापत्रमा ८० प्रतिशत ठिकै, जनप्रतिनिध र कर्मचारीको विश्वासमा १०० प्रतिशत ठिकै, सेवा लिर्दा अतिरिक्त रकम तिर्न नपरेको र औसत कार्य गर्दा लागेको समय १ दिन ६० प्रतिशत, २ दिन २० प्रतिशत र २० प्रतिशत धेरै दिन भन्ने देखियो ।<br>नागरिकलाई सकेसम्म एकै दिनमा सेवा लिन पाउने अवस्था सिर्जना गर्न कर्मचारी र जनप्रतिनिधिले ध्यान दिनुपर्ने देखिन्छ । नागरिक वडापत्र बारेमा थप प्रचारको खाँचो देखियो । |
| ३. सेवाप्रतिको जनविश्वास | पालिकाको कामप्रति जनविश्वास ठिकै १०० प्रतिशत देखियो, कार्यालय प्रदान गर्ने सेवाका बारेमा जानकारी ८० प्रतिशतले ठिकै र २० प्रतिशतले थाहा नभएको यसमा ध्यान दिनुपर्ने देखिन्छ । कर्मचारी प्रति विश्वास ठिकै ६० प्रतिशत र ४० प्रतिशतले धेरै भन्ने देखियो । कार्यालयले विपन्नलाई विनियोजन गरेको कार्यक्रम बारेमा ८० प्रतिशतले थाहा छैन र अलिअलि थाहा छ २० प्रतिशत देखिएकाले पालिका कार्यक्रम र बजेट बारेमा आम नागरिकसम्म सन्देश पुऱ्याउन जरुरी छ । |
| ४. सेवाको गुणस्तर | सेवाको गुणस्तर बारेमा सन्तुष्ट ८० प्रतिशत र कम सन्तुष्ट २० प्रतिशत रहेको देखियो । कार्यालयमा आफै सेवा लिन आउनेको संख्या ८० प्रतिशत र मध्यस्थकर्ता मार्फत २० प्रतिशत देखियो । पालिकाले जनतामैत्री सेवाप्रवाह गर्न अझै कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकास तथा आवश्यक परामर्श आवश्यक देखियो । |
| ५. सेवासम्बन्धि जनकारी | कार्यालयको भौतिक अवस्था १०० प्रतिशतले ठिकै, नागरिक वडापत्र बारेमा जानकारी आंशिक ८० र जानकारी नभएको २० प्रतिशत रहेको देखियो । पालिका र सेवाग्राही बीचको सम्बन्ध ठिकैमा १०० प्रतिशत, सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको सहभागीका बारेमा सहभागीता ५० प्रतिशत भन्दा माथि भएको ४० प्रतिशतले र थाहा नभएको ६० प्रतिशतले जनाएका छन् । सभाबाट कानून बनाउने बेलामा प्रतिनिधित्व बारेमा ठिकै छ ४० प्रतिशत र साह्रै कम छ ६० प्रतिशत रहेकाले पालिकाले दिने सेवासम्बन्धि जानकारी नागरिकस्तरमा कम पुगेको देखियो । त्यसैले पालिकाले नागरिकलाई जानकारी दिने समयन्त्र र प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ । कानून निर्माणका बेलामा सम्बन्धि पक्षको सहभागिता बृद्धिमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । |

| | |
|---|---|
| ६.नागरिक वडापत्र/उजुरी पेटिकका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा, | • नागरिक वडापत्र प्रयोग बारेमा कम ६० प्रतिशत र गरेको छैन ४० प्रतिशत देखियो, वडापत्र अनुसार सेवा प्रदान भएको छ भन्नेमा ८० प्रतिशतले ठिकै र २० प्रतिशतले अति कम उल्लेख गरेका छन् । उजुरी पेटिकाको प्रयोगमा १०० प्रतिशले भएको छैन उल्लेख गरेका छन् । नागरिक वडा पत्रका बारेमा सबै नागरिकसम्म चेतना अभिबृद्धि गर्नुपर्ने देखिन्छ ।<br>• नागरिकहरुले गुनासा राख्ने र उजुरी पेटीका मार्फत उजुरी दिने वातावरण सिर्जना गर्नुपर्ने । |

*अनुसूचीमा विस्तृत विवरण समावेश छ ।*

**नागरिक प्रतिवेदन पत्र भाग -२**

**४ वटा प्रमुख बिषय क्षेत्रमा २६ वटा प्रश्न सोधिएको थियो ।**

| **बिषय क्षेत्र** | **अवस्था** |
|---|---|
| १. सिफारिस सम्बन्धि | आवश्यक कागजातहरु बारेमा उत्तरदाताहरु मध्ये ५० प्रतिशतले प्रष्ट पाएको, ५० प्रतिशतले ठिकै पाए । कुन सिफारिसलाई के कागजात चाहिन्छ भन्ने जानकारी बढाउनु पर्ने देखियो । जसका लागी हाते पुस्तिका बनाउने बारेमा ख्याल गर्नुपर्दछ । सिफारिस लिर्दा रकम तिर्न नपरेको, सिफारिस लिन बारेमा उत्तरदाताहरु मध्ये ८५ प्रतिशत आफै लिने गरेको र १५ प्रतिशतले मध्यस्कर्ता मार्फत आउने गरेको देखिन्छ । १०० प्रतिशतले राजस्व सबैसंग उठाउने गरेको र शुल्क र सेवा दस्तुर पनि सेवाग्राहीसंग उठाउने गरेको उल्लेख गरेका छन् । |
| २.पुर्वाधार तथा सरसफाई सम्बन्धि | • कार्यालयको सरसफाई उत्तरदाताहरु मध्ये ५० प्रतिशत राम्रो र ५० प्रतिशतले ठिकै भनेका छन् । सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धि गुनासो सम्बोधन ३५ प्रतिशत उत्तरदाताले तुरुन्तै हुन्छ र ६५ प्रतिशतले पटक पटक भनेपछि हुन्छ भन्ने उत्तर दिएका छन् । समुदायस्तर र वडास्तर हुदैं पालिकास्तरमा पूर्ण सरसफाई अभियान सञ्चालन प्रभावकारी बनाउनु पर्ने देखिन्छ । शहरीकरण भएका क्षेत्रमा फोहर व्यवस्थापनका नयाँ उपायको खोजी गर्नुपर्ने देखिन्छ । पालिकाले सडक छेऊमा राखेको डस्टबिन भने राम्रो देखिएको छ ।<br>• पालिकाले पूर्वाधार सम्बन्धि कार्यक्रम बारेमा ७० प्रतिशत उत्तरदाताले ठिकै गर्छ र १५ प्रतिशतले नियमित र राम्रोसंग र १५ प्रतिशतले नियमति रुपमा गदैन भन्ने उत्तर दिएका छन् ।<br>• पालिकाको विकास निर्माणको स्थिति ७० प्रतिशतले ठिकै, १५ प्रतिशतले राम्रो र १५ प्रतिशतले खराब भन्ने उत्तर दिएका छन् । |

| | |
|---|---|
| | • पालिकाको आयोजना सञ्चालन अवस्था ५० प्रतिशतले ठिकै, ३५ प्रतिशतले प्रभावकारी, १५ प्रतिशतले प्रभावकारी छैनन् भनेका छन् ।<br>• आयोजनाको बील भुक्तानी ५० प्रतिशतलले सहज, ३५ प्रतिशतले ठिकै १५ प्रतिशतले असहज भनेका छन् ।<br>• प्राविधिक सहयोग बारेमा ६५ प्रतिशतले सजिलै पाइयो र ३५ प्रतिशतले कहिलेकाँही पाइयो भन्ने उल्लेख गरेका छन् । प्राविधिकलाई जाँचपासमा १०० प्रतिशतले रकम दिनु पर्दैन भन्ने उत्तर दिएका छन तर स्टमेन्ट र मुल्यांकनमा बीच हुने असन्तुलनका बारेमा थप सहजिकरण दुवै पक्षलाई आवश्यक देखिन्छ ।<br>• पालिकाको विकास निर्माण बारेमा जानकारी ३५ प्रतिशतले सजिलै पाइन्छ र ६५ प्रतिशतले सोधेपछि पाइन्छ भनी उल्लेख गरे ।<br>• पालिकाबाट आचारसंहिताको पालना भएकोमा ३५ प्रतिशतले पालना भएकोमा र ६५ प्रतिशतले ठिकै पालना भएको उल्लेख गरेका छन् ।<br>• योजना सञ्चालनमा पालिकाको १५ प्रतिशतले सहयोग धेरै सहयोग पाएको छु र ८५ प्रतिशतले ठिकै सहयोग पाएको छु उल्लेख गरेका छन् ।<br>• पालिका र वडास्तरबाट हुने पुर्वाधार निर्माणमा अनुगमन बढाउनु पर्ने देखियो । साथै योजना सञ्चालन भएको मेरा लागी हो भन्ने नागरिकमा अपनत्व बोध हुने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ । योजनाको सञ्चालनमा पालिका र उपभोक्ता बीच अझै मैत्रीपूर्ण अवस्था सिर्जना गर्नेमा पहल गर्नुपर्ने देखिन्छ । |
| ३.वित्तिय, व्यवस्थापन र कार्यसम्पादन | • पालिकाको आर्थिक स्रोत बारेमा ५० प्रतिशतले आवश्यक स्रोत उपलब्ध र ५० प्रतिशतले कम श्रोत उपलब्ध भएको उत्तरदाताले जवाफ दिएका छन् ।<br>• काम गर्ने प्रणाली र प्रक्रिया बारेमा १५ प्रतिशते अति सरल र ८५ प्रतिशतले ठिकै भएको जनाए । कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप बारेमा सोधिएको प्रश्नमा ६५ प्रतिशतले आवश्यक सीप छ र ३५ प्रतिशतले आवश्यकता भन्दा कम छ भएको उल्लेख गरे<br>• कार्यालयमा आम्दानी खर्च सूचना पार्टीमा टाँसेको बारेमा ३० प्रतिशतले कहिलेकाही टाँसेको देखिन्छ र ७० प्रतिशतले खै कतै देखिएन भन्ने उल्लेख गरेका छन् । **पालिकाले मासिक वा त्रैमासिक रुपमा सम्भव भएसम्म आम्दानी र खर्च विवरण सूचनापार्टीमा टाँस गर्नुपर्ने सुझाव आएका छन् ।**<br>• कार्य सम्पन्नको आधारमा मुल्यांकन भएको छ भन्ने बारेमा ५० प्रतिशतले ठीकै मुल्यांकन भएको छ, ३५ प्रतिशतले |

| | |
|---|---|
| | कहिले पनि भएको छैन र १५ प्रतिशतले छ भन्ने उल्लेख गरेका छन् । **मुल्य अभिबृद्धि करकाबारे र अन्य करका बारेमा उपभोक्ता समितिलाई थप स्पष्टता आवश्यक देखियो ।**<br>● कार्य सञ्चालन प्रतिको सन्तुष्टका बारेमा १०० प्रतिशतले ठिकै भन्ने उल्लेख गरेका थिए । |
| ४. पारदर्शिता सम्बन्धी | ● बार्षिक नीति र कार्यक्रम बारेमा ५० प्रतिशतले कम जानकारी पाएको, ३५ प्रतिशतले ठीकै जानकारी पाएको र १५ प्रतिशतले धेरै जानकारी पाएका जनाए । त्यस्तै ऐन, नियम र निर्णयका बारेमा ५० प्रतिशतले सार्वजनिक हुने बारेमा हुने गरेको, ३५ प्रतिशतले जानकारी नै छैन र १५ प्रतिशतले हुने गरेको छैन भन्ने उत्तर दिएका छन् ।<br>● सूचना सार्वजनिक हुने माध्यमका बारेमा ३५ प्रतिशतले सूचना पार्टी  ३५ प्रतिशतले बेबसाइट र ३० प्रतिशतले सार्वजनिक सुनुवाई रहेको उल्लेख गरे ।<br>● पालिकाबाट तपाईले चाहेको विवरण पाउने सर्न्दभमा ६५ प्रतिशतले सहजै पाएको र ३५ प्रतिशतले धैरै पटक भनेपछि पाएको उत्तरदाताहरुले जनाएका छन् ।<br>● सार्वजनिक परीक्षण योजनाहरूको गरेको देखिन्छ । पालिकाले सामाजिक परीक्षण र सेवाप्रवाह मापदण्ड तयारी गर्नुपर्ने देखिन्छ । सार्वजनिक सुनुवाईका गरेका प्रतिबद्धता कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । नियमित रुपमा खर्च सार्वजनिक गर्ने, भएका कार्यक्रम सामाजिक सञ्जालमा राख्ने प्रणालीको विकास गर्नुपर्दछ । किनकी बजेट खर्चका बारेमा धेरेको चासो छ । कार्यपालिका बैठकका निर्णयपनि सार्वजनिक गर्ने परिपाटीको विकास गर्न सकेमा राम्रो हुने देखिन्छ । |

*अनुसूचीमा विस्तृत विवरण समावेश छ ।*

## बहिर्गमन अभिमत (Exit Poll) नतिजा

| सि.नं. | सेवाको नाम | मुल्याङ्कन | | | अवस्था |
|---|---|---|---|---|---|
| १ | सेवा लिनका लागि कोसँग सर्म्पक गर्ने भन्ने बारेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | *अति स्पष्ट १५ प्रतिशत* | *ठिकै ७० प्रतिशत* | अस्पष्ट १५ प्रतिशत देखियो | अस्पष्ट १५ प्रतिशत भएकालाई शुन्य बनाई अति स्पष्ट र ठिकैको प्रतिशत बनाउने तरिकाले सेवाग्राहीलाई जानकारी प्रदान गर्नुपर्ने । |
| २ | सेवा प्रदान गर्ने कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठिकै *७० प्रतिशत* | थोरै *३० प्रतिशत* | ठिकै बुझे र थोरै भन्नेलाई न्यूनिकरण गरी अति धेरै भन्नेलाई बढाउन जरुरी छ । |
| ३ | सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण *३० प्रतिशत* | ठिकै *७० प्रतिशत* | अभद्र ० | मिलनसार र मैत्रीपूर्ण छन् भन्नेलाई बढाउनु पर्ने देखियो । |
| ४ | सेवा प्राप्त गर्ने आवश्यक सूचनाहरु र प्रमाण, कागजात र शुल्क बारेमा सेवा प्रदान गर्ने कर्मचारीले स्पष्ट गरे की ? | अति स्पष्ट गरिदिए *१५ प्रतिशत* | ठिकै *८५ प्रतिशत* | अलमल/ अस्पष्ट ० | कर्मचारीहरुले अति स्पष्ट तरिकाले सेवाग्राहीलाई स्पष्ट पारे भन्नेलाई बढाउनु पर्ने देखिन्छ । |
| ५ | तपाईले राख्नु भएको समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट *३० प्रतिशत* | ठिकै ७०*प्रतिशत* | समाधान दिन सकेनन् *० प्रतिशत* | अति सजिलो तरिकाले समस्याको समाधान दिए भन्ने पक्षलाई बढाउनु पर्ने देखिन्छ । |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो ३० *प्रतिशत* | ठिकै *६० प्रतिशत* | लामो र झन्झटिलो *१० प्रतिशत* | लामो र झन्झटिलो पक्षलाई शुन्य बनाई अति सजिलो गरी भन्ने पक्ष बढाउनु पर्ने देखिन्छ । |

**गाउँपालिकाका सकारात्मक पक्षहरू**

- जनप्रतिनिधिहरूको व्यवहार र गुनासो सम्बोधन गर्न बानी राम्रो भएको सेवाग्राहीबाट आएको छ । धेरै सेवाग्राहीले फोनबाट सर्म्पक गरेर कागजात लिएर आउने बानी परेको देखियो । पालिका र वडाहरूको सूचना र जानकारी सामाजिक सञ्जालमा पनि राख्ने गरेकाले केही सहज भएको अनुभुती गरेका छन् ।
- गाउँपालिकाले घुम्ती सेवा सञ्चालन गरेर वडास्तरमै योजना सम्झौता, घटना दर्ता आदी जस्ता कार्यक्रम सञ्चालन गरेको समुदायस्तरमा सकारात्मक सन्देश प्रवाह भएको छ । वडा भेलाबाट योजना छनौट हुने गरेको देखियो ।
- गाउँपालिकाले २०८३ फागुन मसान्तसम्म बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्य सहित कार्यक्रम अगाडी बढाइएको छ ।
- पालिकाले आन्तरिक स्रोत बृद्धिमा पहलकदमी लिएको ढुङ्गा र नदिजन्य पदार्थमा हुने चोरी निकासी नियन्त्रणमा प्रयास गरेको देखिन्छ ।
- कृषि उत्पादनको बजारीकरणका लागि बुटवलमा कृषि उत्पदान बिक्री कक्षको स्थापना र उत्पादनमा आधारित अनुदान वितरणमा जोड दिएको देखिन्छ ।
- गाउँपालिका भित्र समस्याको रुपमा रहेको खानेपानी व्यवस्थापनमा यस कार्यकालमा जनप्रतिनिधिको प्रमुख प्राथमिकता रहेको देखिन्छ । अझै पनि कचलको साविक वडा नं. ५ का जनताले खानेपानीको व्यवस्थापन गर्न पालिकासंग माग गरेका छन् ।
- पालिका विद्यालयमा सूचना प्रविधिको पहुँच बिस्तार भइरहेको छ । विद्यालयमा इन्टरनेट सेवा बिस्तारको काम भइरहेको देखिन्छ । विद्यालयको शैक्षिक सुधारका लागी भौतिक पूर्वाधार निर्माणसंगै नजिता सुधार र शैक्षिक विकासका पहल भएको देखिन्छ । खानेपानी, भुईबसाई, विद्यालयमा कम्प्यूटर शिक्षा प्रदानका लागी कम्प्यूटर सहयोग, खेलमैदान, कक्षाकोठा र शौचालय निर्माण भएको देखिन्छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकसंगको समन्वयमा वडास्तरबाट वितरण गर्दा केही राहत भएको देखिन्छ । विपन्न व्यक्तिहरूको स्वास्थ्य उपचारमा दिएको सहयोग र स्वास्थ्य बीमा कार्यक्रमबाट धेरैले राहत महशुस गरेको देखियो ।
- वडा नम्बर ६ मस्यामा नागरिकलाई सूचना प्रविधिको पहुँच बृछि गर्न इन्टरनेट जडानमा प्रोत्साहन गरिएको छ ।
- प्रमुख प्रशासनिक भवन निर्माण, कोलडाँडामा स्वास्थ्य चौकीको भवन बनिरहेको देखिन्छ । कुरुमान खोला र गोरबन्दी घाट पक्की पुल, वडा नम्बर २ र ३ लाई लक्षित गरी ११ केभीको विद्युत लाइन विस्तार, सत्यवती सम्म जाने सडक स्तरउन्नती भएको छ ।

**जिज्ञासा र सुझावहरू**

- कोलडाँडाको केराबारी पारीको सत्यवती चुनढुङ्गा खानी सञ्चालनले सामुदायिक वनमा क्षति पुगेको र पशुपालनमा समस्या भएकाले यसको उचित विकल्प आवश्यक देखियो । साथै खानी सञ्चालनबाट प्रभावित भएका व्यक्तिलाई खानीबाट हुने आम्दानी अनुसारका कार्यक्रम निर्माणमा प्राथमकिता दिनुपर्ने सुझाव आएका छन् ।

- सिफारिस दस्तुर र सहितका केही शुल्क बृद्धि भएको छ यसबारेमा ध्यान दिनुपर्‍यो ।
- योजना अनुगमन र कार्यक्रममा जनतासंग पुग्ने भन्दा जनताका गुनासा र समस्या सुन्नका लागि जनतासंग जनप्रतिनिधि कार्यक्रम सञ्चालनु गर्नुपर्‍यो ।
- उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागत स्टिमेन्ट अंग्रेजीमा मात्रै हुदा उपभोक्ताले बुझ्न ग्राह्रो भएकाले नेपालीमा पनि बनाउन सकेमा राम्रो हुने देखिन्छ । उपभोक्ता समितिलाई प्राविधिक पक्षको जानकारी गराउने, क्षमता विकास र योजना सञ्चालनमा थप सहजिकरण गर्नुपर्ने देखिन्छ । उपभोक्ता समितिबाट विकास निर्माण योजनामा सम्झौता अनुसारको मुल्यांकनमा कमी आउने वा करकट्टी बारेमा जानकारी नहुने र स्टिमेन्ट तथा काममा भिन्नता हुने भएका प्राविधिक मुल्यांकन प्रति उपभोक्ताको गुनासा देखिन्छ । जसले उपभोक्ता समितिमा बस्न नखोज्ने चुनौती पनि देखिएको छ ।
- गाउँपालिकाले बजार अनुगमन जुन रुपमा गर्नुपर्ने त्यो हुन सकिरहेको छैन की भन्ने छ । राजमार्गमा क्षेत्रमा रहेका होटलहरूमा खाना कति गुणस्तरीय छन् वा तेलको प्रयोग कति दिनसम्म हुन्छ भन्ने बारेमा पनि चासो दिनुपर्ने सुझाव छ ।
- तिनाउमा धेरै पर्यटकीय स्थल भएको तर त्यसको प्रचारप्रसार कम भएकाले राजमार्ग क्षेत्रमा होडिङ्गवोर्ड राखेर त्यसको महत्व र पुग्न लाग्ने समय आदिको बारेमा प्रचारप्रसार गर्न जरुरी छ ।
- वडास्तर पशु तथा कृषि प्राविधिकको व्यवस्थापन गर्ने, वडाका विद्युत गएको बेला काम गर्न सकिने ब्याकपको व्यवस्था गर्न सुझाव आएका छन् ।
- रोजगारी सिर्जना हुने गतिविधि सञ्चालन गर्न, कचलको खुर्सानी क्षेत्रमा विद्युतको पावर नपुगेर समस्या भएकोले सुधार गर्न माग गरेका छन् ।
- डुम्रेदेखि मस्यामसम्मको सडक स्तरउन्नती हुनुपर्ने माग छ ।
- खोला तथा नलीले पुल तथा खेतीयोग्य जमिन र बस्तीको कटान गर्ने जोखिम रहेकाले यसको नियन्त्रण र तटबन्धनका कार्यमा संघिय सरकार, प्रदेश सरकारसंग सहकार्य गर्न जरुरी छ ।

**गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरू**

- तिनाउ गाउँपालिका भित्र प्रशासनिक कर्मचारीको कमि भएकाले वडा सचिव व्यवस्थापन गर्न कठिन भएकाले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।
- तिनाउ गाउँपालिका भित्र बालविवाह हुने क्रम नरोकिएकाले यसलाई अझै प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । स्वास्थ्य क्षेत्रमा उल्लेख सुधार भएपनि बालविवाह भएकाले २० बर्ष मुनी नै आमा बन्नेको संख्या न्यूनिकरण हुन सकेको छैन । दोभान स्वास्थ्य चौकीमा सञ्चालन भएको वर्थिङ्ग सेन्टरको व्यवस्थापन, मस्याम भएकोलाई सुत्केरी हुने वातावरण सिर्जना पर्ने देखिन्छ । भने कोलडाँडाको स्वास्थ्य चौकीमा उल्लेख सुधारको खाँचो देखियो । होम डेलिभरीको हुने पनि गरेकाले यसलाई समुदायस्तरमा सचेतना बृद्धिको खाँचो छ ।
- पालिका भित्रको प्रमुख समस्या चुरेक्षेत्र भएका बर्षाद्संगै बाढीले सडक र बाटाहरु बगाउने बढी समस्या छ । यसलाई मर्मत सम्भारमा मात्रै बर्षेनी ठूलो रकम खर्च हुने चुनौती देखिएको छ । त्यसैले

सडक निर्माणमा उपभोक्ता समिति र निर्माण व्यवसायीबाट गराउने कार्यमा वातावरण मैत्री, बृक्षारोपण र वायो इजिनियरिङ्ग प्रविधिको प्रयोग गर्नुपर्ने देखिन्छ ।

- पालिका भित्र अम्लिसो र दालचिनी उत्पादनको राम्रो सम्भावना देखिएकाले यसको प्रशोधन वा तयारी बस्तु बनाउन सकिएमा वा उद्योगसम्म सिधै निर्यात गर्न सकिने माध्यमको खोजी गर्नुपर्ने आवश्यकता देखिएको छ ।
- पशु पालन र कृषिको राम्रो सम्भावना भएको क्षेत्रहरु भएकाले उत्पादन बृद्धिमा उन्नत बीज र बीऊ वितरणमा ध्यान दिनुपर्ने देखिन्छ ।
- पालिकाको बाँझो जग्गामा फलफुल खेती जस्तै केरा, कागती खेतीहरु गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव आएका छन् ।
- शिक्षाको गुणस्तर सुधारमा पालिकाले ध्यान दिइरहेको सर्न्दभमा शिक्षक दरबन्दी मिलान, विद्यार्थी नभएका विद्यालयहरु मर्ज र आवासी विद्यालयहरु अझै थप गर्ने कार्य पालिकाले थालेको र यसलाई सकेसम्म चाँडो र स्थानीय समुदायको सहयोगमा सम्पन्न गर्नुपर्ने सुझाव आएका छन् ।
- वडास्तर वा पालिकास्तरमा नागरिकहरूको चाहना सकेसम्म एक दिनमै काम वा सिफारिस होस् भन्ने छ । त्यसैले सेवाग्राहीलाई सहज, सरल र छिटो सेवाप्रवाह गर्न वडा सचिव र वडाध्यक्ष थप जिम्मेवार र संवेदनशिल हुन जरुरी छ ।
- जनप्रतिनिधि कर्मचारी र पालिकाबासीमा डिजिटल साक्षरता बारेमा अभिमुखिकरण गर्नुपर्ने देखिन्छ । सामाजिक सञ्जल प्रयोग, यसको उपयोगीता र प्रभावकारीता बारेमा सकारात्मक र नकारात्मक दुवै बिषयमा ख्याल गर्नुपर्ने छ । सामाजिक सञ्जालमा कमेन्ट वा शेयर गर्दा होसियार हुन जरुरी छ । जे मन लाग्यो त्यही गर्न नहुने बिषयमा अभिमुखिकरणको खाँचो छ ।
- उपभोक्ता समिति र स्थानीय उपभोक्तालाई योजना प्रति अपनत्व हुने अर्थात वडा र पालिकाले मेरा लागी सडक, खानेपानी र पुल बनाएको हो, यसबाट मलाई फाइदा हुने भन्ने अनुभुति दिलाउनु पर्ने देखिन्छ । गुणस्तरीय विकास निर्माणमा समुदायस्तरबाट त्यसको रेखदेख गर्ने बानीको विकास गर्नुपर्ने देखिन्छ । उपभोक्ताबाट विकास निर्माणमा लागत सहभागी देखावटी भएकाले यस बारेमा सबै संवेदनशिल हुन जरुरी छ ।
- गाउँपालिकाको चालु आर्थिक बर्षमा २ सय ५५ वटा योजना संख्या रहेको देखियो । पौष १६ गते सम्म ३९ वटा योजना सम्झौता भएको देखियो । त्यसैले योजना सम्झौता र कार्यान्वयनको महिना अनुसार कलेण्डर बनाई असारमा हुने बर्षाद् विकासलाई रोक्न पहल गर्नुपर्ने देखिन्छ । साथै वडास्तरमा ५० हजारका स-साना योजनामा पनि उल्लेख्य भएकाले यसलाई घटाउनु पर्ने देखिन्छ ।
- परम्परागत पेशा र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारीत उद्योगहरुलाई प्रवर्द्धन गर्ने र स्थानीय स्तरमै रोजगारी सिर्जना हुने कार्यक्रमको आवश्यकता रहेको देखिन्छ ।
- वडा र पालिकास्तरबाट विनियोजन बजेट, सञ्चालन भएका कार्यकम, भएका विकास निर्माण र प्रदान गरिने सेवाका बारेमा थप प्रचार प्रसार गर्नुपर्ने देखिन्छ, ताकि तिनाउमा विकास भइरहेको छ भन्ने

सन्देश प्रवाह हुन सकोस् । नागरिक वडापत्र, गुनासोपेटीका प्रयोग, सामाजिक परिक्षण जस्ता क्षेत्रमा आम नागरिकको चासो बढाउनु पर्ने देखिन्छ ।

- पालिका र वडास्तरको विकासमा पूर्व जनप्रतिनिधि, गाउँपालिका राजनीति दल, समाजका अगुवा र विगतमा विभिन्न पेशा व्यवसाय रहेर अनुभव भएका व्यक्तिहरू बीच बेला बेलामा छलफल र रायसुझाव दिने अभ्यासको थालनी गर्नुपर्ने देखिन्छ ।
- जनप्रतिनिधिहरू र कर्मचारीबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (लिज), वित्तिय जोखिम मुल्यांकन जस्ता पालिकाको कार्य मुल्यांकन सूचकहरूलाई मद्दत हुने कार्यक्रम सञ्चालन, आवश्यक दस्तावेज, नीति निर्माण र अभिलेखिकरण गर्न बानीको विकास पनि जरुरी देखिन्छ । जस्तै आवधिक योजना निर्माण आदि ।

**सहभागीहरूले राखेका प्रश्न र सुझावहरू**

**कमल श्रेष्ठ, स्थानीय युवा**

घरजग्गा कर एकैचोटी धेरै बृद्धि भएकाले यसमा विचार गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको मुख्य नारा र उद्देश्य अनुसार बजेट र कार्यक्रम तय हुनुपर्ने देखिन्छ । शिक्षा, स्वास्थ्य, रोजगार र कृषि तथा पशुपालन क्षेत्रमा बजेट विनियोजन निकै कम भएको छ । दोभान, झुम्सा र केरावारी क्षेत्रबाट दैनिक बालवालिकाहरू बुटवल पढ्न गएका छन् यसलाई रोक्ने गरी शिक्षाको गुणस्तर सुधार गर्नुपर्दछ । तिनाउमा १५ बेडको अस्पताल सञ्चालनको लागी पहल हुनुपर्ने देखिन्छ ।

**खगेन्द्र केसी, स्थानीय युवा**

सार्वजनिक सुनुवाई कार्यक्रममा अझै जनताको सहभागिता बढाउनु पर्ने देखिन्छ । कर्मचारीहरु फिल्डसंगै कार्यालयमा बस्ने सयमका बारेमा ख्याल गर्नुपर्ने देखिन्छ । सेवाग्राही एउटा कामलाई धेरै पटक आउनुपर्ने समस्या हटाउनु पर्दछ । गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधीले उपभोक्तालाई सजिलो र सहज हुने गरी योजना कार्यान्वनमा सहजिकरण गर्नुपर्ने देखिन्छ । ठेक्का मार्फत हुने विकास निर्माणलाई गुणस्तरीय बनाउन अनुगमन बढाउनु पर्ने देखिन्छ । हिउँदमा समेत कयौ स्थानमा यातायात सञ्चालन हुन कठिन भएकाले सडक मर्मतमा ध्यान दिनुहोला । सिद्धबावा सुरुङ्ग मार्ग निर्माणका क्रममा निस्किएका ढुङ्गाहरूको पालिकाले रोयल्टी लिने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र उपलव्धिमुलक बनाउनु पर्दछ । राजश्व संकलनमा देखिएको चुहावट नियन्त्रणमा ख्याल गरौ । विद्यालयहरूमा दरबन्दी अनुसारका शिक्षक व्यवस्थापन गरेर गुणस्तरीय शिक्षा प्रदानमा ध्यान दिनुपर्ने देखिन्छ ।

**मोहन वि.क. स्थानीय**

चुनढुङ्गखानीबाट हुने आम्दानी खानी प्रभावित क्षेत्रलाई बढी खर्च गर्ने नीतिको खाँचो छ । दलित, महिला, बालबालिका सहित लक्षित बर्गको लागी आयआर्जनका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम आवश्यक छ ।

**विष्णु सापकोटा, स्थानीय व्यवसायी**

खोलाहरूको ढुङ्गा ट्याक्टरबाट बोक्ने क्रममा अन्य गाउँपालिका भन्दा ट्याक्टर रोयल्टी तिनाउ गाउँपालिकामा बढी परेको छ । प्रदेशको कानून अनुसार नै अन्य पालिकामा कम हुने तर तिनाउमा बढी कसरी भएको छ यसबारेमा विचार गर्नुपर्ने छ ।

**लाल बहादुर दर्लामी**

गाउँपालिकाको आर्थिक ऐन अनुसार सबै खाले सिफारिसमा शुल्क निर्धारण गरिएको छ । त्यसबाट उपभोक्ताले योजना सम्झौता र फरफारकलाई वडाबाट सिफारिस लिदा अनावश्यक रुपमा सिफारिस शुल्क लिर्नुपर्ने भएकाले यस्तो किन भयो, यसलाई सच्चाउन आवश्यक छ ।

**अरविन्द्र पाण्डे, नेकपा एकिकृत समाजवादी पार्टी**

तिनाउ गाउँपालिका सडक धेरै चुरेक्षेत्र पर्ने र बर्षाद्संगै ठूलो क्षति हुने भएकाले सडक मर्मतमा ठूलो बजेट खर्च हुने भएकाले पालिकाले आफै जेसिवी खरिद गरेर सडक मर्मत सम्भार गर्न सकिने राम्रो हुने थियो । पालिकाले स्थानीय युवाहरु लक्षित रोजगार, व्यवसाय प्रर्वद्धन र उद्योग सञ्चलान गर्न सकिने कार्यक्रम सञ्चालन गर्न सक्नुपर्दछ ।

**राजेश श्रेष्ठ, नेकपा माओवादी केन्द्र**

सार्वजनिक सुनुवाई कार्यक्रममा अझै व्यापक सहभागिता गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । गाउँपालिका राजनीतिक दल र विगतका जनप्रतिनिधिहरुसंग सल्लाह सुझाव लिएर तिनाउको विकासमा लाग्नु पर्दछ । पालिकाप्रति नागरिकको चासो बढाउने, तिनाउको पहिचान दिलाउने र अबको ४ बर्षमा पालिकाको आर्थिक र सामाजिक पक्षमा यस्तो परिर्वतन हुनेछ भन्ने खाका सहित अगाडी बढ्नुपर्ने सुझाव रहेको छ । योजना कार्यान्वनमा उपभोक्ता मैत्री, निर्माणको गुणस्तर कायम र पालिकाको पेश्की बेरुजु कम गर्ने गरी काम गर्न जनप्रतिनिधि र कर्मचारी बीच समन्वय र सहकार्य जरुरी देखिन्छ ।

**विकास अर्याल, नेकपा एमाले प्रतिनिधि**

गाउँपालिका भित्रका बजारहरुमा नियमित रुपमा अनुगमन हुनु पर्दछ । तिनाउका युवालाई तिनाउमै टिकाउने कार्यक्रम बनाउनु पर्ने देखिन्छ ।

**सहभागीहरूले राखेका जिज्ञाशाहरूको सम्बोधन :**

- **गाउॅपालिका अध्यक्ष प्रेम श्रेष्ठले** पालिकाको नीतिगत व्यवस्था र अन्य बिषयका बारेमा उठेका सवालहरू प्रति स्पष्ट पार्नु भएको थियो । उहाँले पालिकाको आन्तरिक आम्दानी बढाउन गरी काम गरिरहेको बताउनु भयो । जिल्ला दररेट बजार मुल्य भन्दा कम भएकाले उपभोक्तालाई काम गर्न निकै कठिनाई भएको आफुहरुले निरन्तर सुधारका लागि सुझाव दिएको बताउनु भयो । पालिका क्रियाकलापका बारेमा आमनागरिकसम्म पुर्‍याउन विभिन्न उपायहरु अलम्बन गरिएको उल्लेख गर्नु भयो । पालिकाका गतिविधि बारेमा फोन मार्फत कार्यालयमा आएर र कानूनी रुपमा सूचनाको हक प्रयोग गरेर पनि लिन सक्ने व्यवस्था रहेको छ । नागरिकका सुझाव, सल्लाह सधै लिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

- **गाउँपालिका उपाध्यक्ष लाल बहादुर थापाले** पालिकाले करको दायरा फराकिलो बनाएर राजश्व बृद्धिमा ध्यान दिएको र त्यसबाट पालिकाको विकासमा सहयोग पुग्ने बताउनु भयो । सिद्धबावा सरुङ मार्ग निर्माणका क्रममा निस्केका ढुङ्गा पुन प्रयोगका आधारमा राजश्व संकलन गर्न समन्वय भइरहेको बताउनु भयो । चुनढुङ्गा खानीबाट वातावरण प्रदुषण बापतको पालिकाले लिन कर सम्बन्धि खानी सञ्चालकहरू समन्वयमा संकलन गरिएको बताउनु भयो ।
- योजना तथा कार्यक्रम तथा प्रशासनिक बिषयका बारेमा उठेका सवालहरूमा **गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत लेख बहादुर बस्नेत** स्पष्ट पार्नुभएको थियो । उहाँले गाउँपालिकाले अहिले कानून निर्माणलाई प्राथमिकता दिएका छौ । सेवाप्रवाहलाई चुस्त बनाउन कर्मचारीहरुले सयम मिलाएर फिल्ड र पालिकाको काम गर्ने उल्लेख गर्दै उपभोक्ता समितिको नाममा सम्झौता गर्ने पछि निर्माण व्यवसायीबाट काम गराउने कार्यलाई न्यूनिकरण गर्न थालिएको बताउनु भयो ।
- **वडाध्यक्ष एंव प्रवक्ता यादव प्रसाद अर्यालले** आफ्नो वडा र बिषयसंग सम्बन्धि बिषयमा बारेमा स्पष्ट पार्नुभएको थियो । उहाँले उपभोक्ता समितिलाई तालिम दिएर योजना कार्यान्वयन लगाउने तयारी भएको उल्लेख गर्दै पालिकाले लगानी गरेपछि त्यसको उपलब्धि कति हुन्छ भनी लगानी गर्न थालेको उल्लेख गर्नु भयो ।
- **शिक्षा शाखा प्रमुख लक्ष्मी कुवँरले** विद्यालयमा गुणस्तर बढाउन पालिका लागि परेका उल्लेख गर्दै कसरी विद्यार्थीहरुलाई टिकाउन र विकाउन सकिन्छ भनेर एक वटा अध्ययन समिति बनाएर अध्ययन गरिरहेको उल्लेख गर्नुभयो ।
- **प्राविधिक शाखा प्रमुख किशन कुवँरले** आफ्ना बिषयगत क्षेत्रमा उठाइएका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो । योजनाहरुको स्टिमेट अग्रेंजी र नेपाली भाषा दुवैमा निर्माण गरेका उल्लेख गर्दै । योजना सम्झौता डिजिटल प्रविधिको प्रयोग गरेर भइरहेको बताउनु भयो । योजना सम्झौताका लागि वडा तहबाटै हुने व्यवस्था भइरहेको उल्लेख गर्दै सञ्चालित योजनाको बजेट र लागत तथा कामको गुणस्तर बारेमा पारदर्शी बनाउने अभियान थालिएको बताउनु भयो । विकास निर्माणको गुणस्तर कायम गर्ने बारेमा सचेत रहेको उल्लेख गर्नुभयो ।

**सार्वजनिक सुनुवाईको उपलब्धीहरू :**

- सेवाग्राही र सेवा प्रदायक बीच अन्तरकिया भई राम्रा पक्षको जानकारी लिने र दिने कार्य भयो भने सुधारमा गर्नुपर्ने बिषय बारेमा आवश्यक सल्लाह र सुझावहरू प्रदान गर्ने मौका भयो ।
- सेवाप्रवाह, कार्यकम र बजेट व्यवस्थापन र परिचालनमा सुधार गर्ने प्रतिवद्धताहरू जनप्रतिनिधि र कर्मचारीहरूले जनाएका छन् भने गाउँपालिका र स्थानीय समुदाय बीच देखिएको मतभेद हल गर्ने अवसर मिलेको छ ।
- गाउँपालिकालाई स्थानीय बासिन्दाले हेर्ने दृष्टिकोण पत्ता लगाउन सहज भएको छ भने आगामी दिनमा सेवा प्रवाहमा सुधार गर्न सकारात्मक सुझावहरू प्राप्त भएका छन् ।

- गाउँपालिकाका कर्मचारी र जनप्रनिधिहरूबाट भएका सकारात्मक कार्यको प्रशंसा भयो भने गाउँपालिकाले गरेका कमजोरीहरूलाई सच्चाएर अगाडि बढ्नका लागी मार्गनिर्देशन भयो ।
- सेवाग्राहीहरूमा भएका असन्तुष्टीहरूलाई सम्बन्धित पक्षसम्म पुऱ्याउने अवसर भयो ।

**सार्वजनिक सुनुवाईका समाचार र तस्वीरहरू**

संयोजक राम बहादुर दर्लामी सुशासन तथा संस्थागत क्षमता विकास समितिको प्रतिवेदन, आर्थिक विकास समितिका ... छलफलका लागि विभिन्न विधेयकहरु दर्ता भएका छन् । हिउँदे अधिवेशनमा ... कृष्ण प्रसाद तिमिल्सिना, वडा अध्यक्ष सदस्यहरुको सहभागिता रहेको थियो ।

# तिनाउको चौमासिक सार्वजनिक सुनुवाई




पाल्पा, पुस २३/जिल्लाको तिनाउ गाउँपालिका पाल्पाले प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ । प्रथम चौमासिकमा सञ्चालन गरेका योजना कार्यक्रम बजेट खर्चको जानकारी दिन र नागरिकहरूको सेवा प्रवाहप्रतिको गुनासो जिज्ञासा बुझी सुशासन कायम गर्ने उद्देश्यले पालिकाले सार्वजनिक सुनुवाइ गरेको हो ।

कार्यक्रममा गाउँपालिकाले हालसम्म १८.८६ प्रतिशत वित्तिय प्रगती हासिल गरेको प्रतिवेदन सार्वजनिक गरेको छ । चालु आर्थिक बर्षमा ५१ करोड ३२ लाख विनियोजन भएकोमा हालसम्म ९ करोड ६८ लाख खर्च भएको छ । जसमा चालुतर्फ ८ करोड ३९ लाख खर्च भई २२.७९ प्रतिशत प्रगति भएको र पुँजीगत तर्फ १ करोड २८ लाख खर्च भई ८.७८ प्रतिशत प्रगति भएको गाउँपालिकाले जनाएको छ । हालसम्म उपभोक्ता समितिबाट सञ्चालन हुने योजना २ सय २१ वटा योजना मध्ये ६० वटा सम्झौता भएको १ वटा मात्र सम्पन्न भएको, १६० वटा योजना सम्झौता हुन बाँकी रहेका छन् । ६ वटै वडामा घुम्ति शिविर सञ्चालन गरिएको जानकारी गराईएको छ । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत लेखबहादुर बस्नेतले शिक्षा युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, कृषि विकास शाखा, पशु सेवा, आर्थिक प्रशासन शाखा, योजना शाखा, भौतिक पुर्वाधार शाखा, विपद् व्यवस्थापन, सहकारी, समृद्धिको लागि वन, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण, न्यायिक समिति, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विषयमा भएका कार्य प्रगति जानकारी गराएका थिए ।

प्रमुख प्रशासकीय अधिकृत बस्नेतले जनताले उठाएक गुनासाहरुको पनि जवाफ दिएका थिए । कार्यक्रममा वडा नं २ का निवर्तमान वडा अध्यक्ष राजेश श्रेष्ठले सार्वजनिक सुनुवाई व्यापक जनताको सहभागितामा गर्नुपर्नेमा जोड दिए । प्रमुख प्रशासकीय अधिकृतले काम गर्दा सबै पक्षसँग समन्वय गरेर काम गर्न श्रेष्ठले सुझाव दिए । वडा नं ४ का लालबहादुर दर्लामीले पालिकाले हरेक किसिमको सिफारिसमा दस्तुत लिने गरेकाले काम गर्न समस्या परेको बताए । वडा नं २ का विष्णु सापकोटा वडा नं ३ का कमल श्रेष्ठले तिनाउ गाउँपालिकाले जनतासँग कर बढी उठाएकाले घटाउनुपर्नेमा जोड दिए । स्थानीय खगेन्द्र केसीले सार्वजनिक सुनुवाई व्यस्थित वैज्ञानिक बनाउनुपर्ने, उपभोक्ता समितिमैत्री पालिका बनाउनुपर्ने, ठेक्काका कामहरु गुणस्तरीय हुनुपर्ने, उपभोक्ताले जिल्ला दररेट अनुसार काम गर्न नसक्ने, सिद्धबाबा सुरुङ्गमार्गमा निस्केको ढुङ्गाको कर पालिकाले लिनुपर्ने, प्रमुख प्रशासकीय अधिकृत अधिकाश समय कार्यालयमै बसेर जनताको सेवा गर्नुपर्ने बताएका छन् । कार्यक्रममा नेकपा एमालेका विकास अर्याल, नेकपा एकिकृतका अरविन्द पाण्डेले खानीसँग समन्वय गरेर खाल्टा खुल्टी परेका सडकहरुलाई स्तरउन्नती गर्नुपर्ने, बजार अनुगमनलाई नियमित गर्नुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले सार्वजनिक चासोका विषयवस्तुहरुमा जनताले आवाज उठाउने, आलोचनात्मक सुझाव दिने, भएका कमिकमजोरहरु औल्याई दिएर जनप्रतिनिधी, कर्मचारी र जनताहरु मिलेर नै तिनाउको विकास गर्न सकिने बताए । अहिले जिल्ला दररेटको कारण उपभोक्ता समितिलाई काम गर्न निकै कठिनाई भएकाले सबैको पहलमा जिल्ला दररेट सच्चाउनु पर्नेमा अध्यक्ष श्रेष्ठले जोड दिए । कार्यक्रममा उपाध्यक्ष लालबहादुर थापा, शिक्षा अधिकृत लक्ष्मी कुवँर, ईन्जिनियर किशन कुवँर, वडा नं २ का वडा अध्यक्ष यादव अर्यालले उठेका गुनासाहरुको जवाफ दिएका थिए । गाउँपालिकाकाको आयोजनाभा भएको सार्वजनिक सुनुवाईको सहजीकरण पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक किरण कौशलले गरेका थिए ।

हरेक प्रहरका ताजा समाचारका लागि ww


तिनाउ गाउँपालिकाको
आ.व. २०८०/०८१ को
योजना, कार्यक्रम तथा सेवा प्रवाहको सवालमा
प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
सहजिकरण:
पाल्पा विकास केन्द्र
तानसेन, पाल्पा
आयोजक:









**सहजीकरण गर्ने संस्थाको विवरण :**

| | | |
|---|---|---|
| **संस्थाको नाम** | पाल्पा विकास केन्द्र | |
| **ठेगाना** | तानसेन नगरपालिका २, पाल्पा | |
| **संस्थाको दर्ता नं./दर्ता मिति** | ११७/०६५ जि.प्र., २०६५ चैत्र २५ गते | |
| | २७४३४/०६६ (समाज कल्याण परिषद) | ११७/०६६ गैसस, पाल्पा |
| **अनुभव** | विभिन्न पालिकाहरू सार्वजनिक सुनुवाई, मिडिया व्यवस्थापन, समाजिक परीक्षण, क्षमता विकास र सामाजिक परिचालनमा राम्रो अनुभव भएको । | |

***अनुसूचीहरू*** :

- नमूना फारमहरू
- प्रस्तुती प्रतिवेदन
- हाजिरी

**प्रतिवेदन पेश गर्न निकाय**

पाल्प विकास केन्द्र

तानसेन, पाल्पा